# जागरण नेपाल इ-बुलेटिन

महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल

१२४औं अङ्क




# लैङ्गिकमैत्री कानुन निर्माणमा महिला सांसदहरुको भूमिका

## विषय प्रवेश

आमुल परिवर्तन र रुपान्तरणको चरणमा प्रवेश गरेको नेपाली समाजमा विगतका केही दशकलाई फर्केर हेर्ने हो भने तीव्ररुपमा राजनीतिक परिवर्तन, उल्लेख्य मात्रामा नीतिगत निर्णयहरु र सकारात्मक दिशा उन्मुख सामाजिक र नागरिक चेतनाको विकासले ठुलो फड्को मारेको छ । कुल जनसंख्याको ५१.५ प्रतिशत जनसंख्या महिलाहरु रहेतापनि राज्य संरचनाका सबै क्षेत्र तथा तहहरुमा महिलाको प्रतिनिधित्व जनसंख्याको आधारमा न्यून नै रहेको छ । समाजमा विद्यमान सामाजिक, आर्थिक, संस्कृतिक तथा राजनीतिक मूल्य मान्यताका कारण नेपाली समाजले महिलालाई हेर्ने दृष्टिकोणमा केही मात्रामा परिवर्तन भएपनि पूर्णरुपमा अझै हुन सकेको छैन ।

महिलाहरुलाई राजनीतिक मान्यताहरुले राजनीतिक क्षेत्रमा असमानता तथा भेदभावको शिकार बन्नुपरेको कुरा नेपाली समाजको तीतो यथार्थ छ । महिला विरुद्धको भेदभाव सामाजिक तथा सांस्कृतिक वातावरणमा भइरहनु एउटा दुर्वल पक्ष हो तर राज्य नियन्त्रित निकाय वा संरचनामा भेदभाव कायम रहनु दुर्भाग्यपूर्ण पक्ष हो । नेपालको संविधान २०७२ ले महिला अधिकारका विषयलाई मौलिक हकको रुपमा मान्यता दिए तापनि ती व्यवस्थाहरुको उचित कार्यान्वयनको अभावमा महिला र पुरुष बीच समानताको व्यवस्था कायम हुन नसकी समस्या यथावतै रहेको पाइन्छ ।

संविधानले राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिताको सुनिश्चितता गरेको छ भने स्थानीय निकायमा ४० प्रतिशत सहभागिता सुनिश्चितता गरेको छ । विशेष गरी महिलाका सवालमा राज्यले अनुमोदन गरेका नियम र व्यवस्थालाई व्यवहारमा लागु गर्दै राज्यका हरेक निकायमा समान सहभागिताको आवश्यकता छ । जसको लागि लैङ्गिकमैत्री कानुन निर्माण हुनु त्यतिकै आवश्यक छ जबसम्म कानुनहरु महिला मैत्री बन्दैनन तवसम्म महिला र पुरुष बीचको विभेद कायम रहिनै रहने प्राय निश्चित छ ।

## लैङ्गिक हिंसा के हो ?

महिला वा पुरुष भएकै कारण लिङ्गको आधारमा गरिने हिंसालाई लैङ्गिक हिंसा भनिन्छ । यो एउटा सामाजिक अपराध हो । लैङ्गिक हिंसाको परिभाषा भित्र पुरुष माथि हुने हिंसा समावेश भए पनि नेपाल जस्तो पितृसत्तात्मक सामाजिक संरचना भएको समाजमा यो नगन्य भएकोले लैगिक हिंसा भन्नाले महिला माथी हुने हिंसा नै समान्य अर्थमा बुझिन्छ ।

लैङ्गिक हिंसाका प्रकृती व्यापक छन् । विशेषगरी घरभित्र र घरबाहिर हुने गरी दुई प्रकारका हिंसा व्याप्त छ । लिंङ्गको आधारमा महिला र केटीहरु घर भित्र परिवारका सदस्यहरु र नाताहरुवाट विभिन्न प्रकारका हिंसा जस्तै हत्या,

## जागरण नेपालले यस अवधिमा सम्पन्न गरेका क्रियाकलापहरु

### लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक छलफल कार्यक्रम सम्पन्न

जागरण नेपालको आयोजनामा एक दिने लैङ्गिकमैत्री स्थानीय कानून निर्माणमा कार्यपालिका सदस्यको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम बैशाख १५ गते शनिवार कैलारी गाँउपालिका कैलालीमा सम्पन्न गरियो ।



*स्थानीय कानुन निर्माणका सवालमा छलफल कार्यक्रममा सहभागीहुनभएका कार्यपालिका सदस्यहरु, कैलारी गाउँपालिका, कैलाली*

कार्यक्रममा कैलारी गाँउपालिका प्रमुख तथा अध्यक्ष श्री लाजुराम चौधरी, उप प्रमुख तथा उपाध्यक्ष श्री लक्ष्मि सत्गौवा थारु, प्रमुख प्रशाकिय अधिकृत श्री धर्मन्नद भट्ट, शाखा प्रमुखहरु सहित कार्यपालिका सदस्यहरु गरी जम्मा ३० जनाको उपस्थिति रहेको थियो । कार्यक्रममा सहजिकरण श्री राजेन्द्र प्याकुरेलले गर्नु भएको थियो ।

सो अवसरमा कैलारी गाँउपालिकाले हाल सम्म पारित गरेका कानूनहरु, कानून तयार गर्दाको समयमा आएको चुनौती तथा हाल सम्म भएका उपलब्धीको विषयमा अध्यक्ष श्री लाजुराज चौधरीले गर्नु भएको थियो । कार्यक्रममा गाँउपालिका स्वायत्त निकायको रुपमा संवैधानिक व्यवस्था भए अनुसार न्यूनतम आवश्यक कानूनहरु, कानूनको मर्म र हरेक कानून लैङ्गिक तथा समावेशिताको सवाललाई समेटेर निर्माण गर्नु पर्ने आवश्यकता छलफलको मुख्य विषय रहेको थियो ।

कुटपिट, गालीगलौज, यौन शोषण, मानसिक यातना, बैवाहिक बलात्कार, जवरजस्ती करनी गरि गर्भबति बनाउने, दाईजो नल्याएको कारण बहिस्करण, वोक्सी आरोप र बहुविवाहलाई लिन सकिन्छ भने घर बाहिर शैक्षिक संस्थाहरु विधालय, क्याम्पस, सार्वजनिक स्थलहरुमा पनि महिला माथि हिंसा हुने गरेको छ । घर बाहिर हुने हिंसा तुरुन्तै बाहिर आउँछ तर घर भित्रको हिंसा भने सामाजिक मर्यादा, संस्कार,मूल्यमान्यता पारिवारिक वातावरण बिग्रने डरका कारण सहजै बाहिर आउर सक्दैन बरु दविएर बसेको हुन्छ ।

महिलाहरु माथि लैगिक हिंसा गर्भबाटै शुरु भएर बाँचुन्जेल कुनै न कुनै रुपमा हुने गरेको पाइन्छ । गाँस, वाँस र कपास देखि शिक्षा, स्वाथ्य लगाएतका विभिन्न कुराहरुमा विभेद छ । विवाह उमेरलाई नै हेर्दा छोरा भन्दा छोरी लाई कम उमेरमा विवाह गरेर विभेद गरेको छ । त्यसैगरी कार्यालयहरुमा हुने हिंसाहरुमा समान पदमा काम गर्ने भन्दा उच्च पदस्थवाट तल्लो पदमा काम गर्ने महिला माथी हिंसा हुने गरेका देखिन्छ । यसरी विभिन्न किसिमले महिला माथि विभेद हुने गरेको देखिन्छ ।

लैङ्गिक हिंसा हुने कारणहरु मध्ये मुख्य कारण महिला माथी हेर्ने पुरुषवादी दृष्टीकोण, परम्परागत संस्कार, पुरातनबादी सामाजिक सोच र परम्परा, श्रोत साधनमा पहुँच र नियन्त्रणको कमी, शिक्षा र चेतनाको कमी तथा बनाईएका कानुनहरु महिला मैत्री नहुनु र भएका कानुनको कार्यान्वयनको अभावमा महिला हिंसा हुने गरेको पाइन्छ ।

## संविधान बमोजिम कानुन निर्मणको वर्तमान अवस्था

संविधान कार्यान्वयनका लागि नयाँ कानुन निर्माण र पुराना कानुन शंसोधन गर्नु आवश्यक देखिए अनुसार नै सरकारले नयाँ कानुनको मस्यौदा तयार गरिरहेको छ भने अस्तित्वमा रहेका करिव ३ सय पुराना कानुनहरुलाई समय सपेक्ष संशोधनका लागि प्रक्रिया अगाडि बढाउदै गरेको छ । अहिले १सय १० नयाँ कानुन सरकारले निर्माण गरिरहेको जानकारी दिएको छ । प्रदेश संसदले बनाउने २२ र स्थानीय सरकाले बनाउने ६ वटा नमुना कानुन बनाई सम्वन्धित तहमा पठाइ सकेको अवस्था छ ।

केन्द्र सरकारले ३५, प्रदेश सरकारले २२ र स्थानीय तहले २१ वटा अधिकार आफैले तय गरी प्रयोग गर्न सक्ने स्वतन्त्रता रहेको छ तर ती कानुनहरु स्थानीय, प्रदेश र संघीय सरकारका आ-आफ्ना क्षेत्राधिकार तोके बमोजिम नै क्षेत्राधिकार तोकेर बनाउनु पर्ने भनिएको छ । यसको लागि पनि संघिय सरकार कतिपयका मस्यौदामा जुटिरहेको र कतिको सम्वन्धित तहमा नमुना कानुनका रुपमा पठाइ सकिएको छ । उक्त नमुना कानुनहरुलाई स्थान र क्षेत्र अनुसार सबै कानुन सबै क्षेत्रमा लागु नहुने हुदा संशोधन गरी पारित गर्ने र लागु गुर्नपर्ने छ । ती तीनै तहले आफ्ना कानुनहरु पूर्ण रुपमा बनाई लागु भएपछि मात्र संघीयता कार्यन्वयन भएको मानिने छ ।

## लैङ्गिकमैत्री कानुन निर्माणमा महिला सांसदहरुको भूमिका

कानुन मात्रै सामाजिक रुपान्तरणको लागि अचुक औषधी होइन तर कानुनको अभावमा अरु प्रयासहरुले सार्थकता पाउन सक्तैनन् । तसर्थ लैङ्गिक हिंसा विरुद्ध विद्यमान कानुनको शंसोधन, निर्माण र कार्यान्वयनमा महिला संसादहरुको भूमिका उत्तिकै महत्वपूर्ण रहन्छ । समाजिक विकृति, हानिकारक मान्यता, परम्परा, रुढिवादी सोच तथा विश्वासहरुलाई हटाउन रुपान्तरणकारी कानुनहरु

आगामी दिनमा कैलारी गाँउपालिकाको कानून निर्माण प्रक्रियामा जागरण नेपालले लैङ्गिक तथा समावेशी सवालमा नमुना कानून निर्माणको लागि प्राविधिक सहयोग गर्ने विषयमा समेत छलफल भएको थियो । कार्यक्रम संचालनको लागि आर्थिक सहयोग भने विकास साझेदार संस्था डिसिएले गरेको थियो ।



*छलफल कार्यक्रममा आफ्नाविचार राख्दै कार्यपालिका सदस्य, कैलाली*

सहभागी स्थानीय सरकारका प्रतिनिधिहरुले कार्यक्रम अत्यन्त फलदायी रहेको बताउदै आफ्ना भूमिकालाई अझ प्रभावकारी ढंगले कार्यान्वयनमा लैजान कार्यक्रम प्रेरणादायी र सहयोग रहेको विचार राख्नु भएको थियो ।

## निर्वाचित जनप्रतिनिहरु संग सहभागितामूलक योजना तर्जुमा सम्वन्धि दुई दिने तालिम सम्पन्न



*स्थानीय तहको योजना तर्जुमा सम्वन्धि  जनप्रतिनिधिहरुलाई तालिम दिदै राजेन्द्र  प्याकुरेल, कैलारी गाउँपालिका: कैलाली*

जागरण नेपालको आयोजना तथा विकास साझेदार संस्था डिसिएको आर्थिक सहयोगमा कैलाली जिल्लाको कैलारी गाउँपालिका र गौरीगंगा गाउँपालिकामा दुई दिने सभागितामूलक योजना तर्जुमा तालिम सम्पन्न भएको छ । छुट्टाछुटै सम्पन्न उक्त कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहको योजना तर्जुमा गर्दा सबैका सवाललाई सहज र सरल रुपमा समेटी आवश्यकताका आधारमा कसरी योजना निर्माण गर्ने र त्यसमा निर्वाचित जनप्रतिनिधिहरुको भूमिका कस्तो रहन्छ भन्ने सवालमा विस्तृत जानकारी गराउने रहेको थियो ।

गाँउपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको सहभागितामा सम्पन्न उक्त दुवै कार्यक्रममाको मुख्य

आवश्यक छन्। त्यस्ता कानुनले प्रत्यक्ष सामाजिक परिवर्तनको बाहकको रुपमा भूमिका खेल्न सकोस् भन्ने मुल मन्त्रलाई ध्यानमा राख्दै महिला उपर हुने र भइरहेका हिंसाका घटनाहरुलाई मध्यनजर गरी कानुन निर्माणको समयमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु आवश्यक छ । लैङ्गिक हिंसा अन्त्यका लागि महिला सांसदहरुले निर्णायक भूमिका निभाउन सक्नु पर्दछ । जब विधेयक संसदमा पेश गरिन्छ त्यसको विस्तृत अध्ययन र विश्लेषण अत्यन्तै आवश्यक छ । प्रस्तुत कानुनहरुलाई कसरी महिला मैत्री बनाउने त्यसको स्थानीय तह सम्मनै लगेर छलफल र बहस गर्दै विज्ञहरुको सहायतामा शंसोधन प्रस्तावहरु पेस गर्ने र आएका छलफलका निचोड नै संशोधनका लागि पेश गरेको खण्डमा स्थानीय तह सम्मका महिला तथा पुरुषहरुका आवाजलाई समेट्दै लैङ्गिक मैत्री कानुन बनाउन सहज हुने छ भने त्यसकै आधारमा कानुन निर्मणका लागि सम्पूर्ण महिला एकजुट भई दवाव दिनु आवश्यक छ जो कानुन निर्माण गर्ने स्थानमा हरेका महिला संसदहरुले मात्र गर्न सक्दछन् ।

संविधानसभाले बनाएको संविधान बमोजिम संसदबाट बन्ने ऐन कानुन निर्माण र ती ऐन कानुन जनतामुखी बनाउन सबै सांसदको प्रभावकारी सक्रियता हुनु आवश्यक छ । सबै खाले हिंसा र अन्याय अन्त नभएसम्म समृद्धि नेपालको निर्माण हुन नसक्ने र विकास असम्भव हने हुनाले सांसदहरुले समाजमा रहेका विकृतिहरुलाई हटाएर सुसंस्कृत र समृद्ध नेपाल बनाउन लागिपर्नु पर्ने, स्थायी सरकार निर्माण गर्दै विगतका विकृति हटाएर सामाजिक न्याय सहितको सुशासनयुक्त समाजको निर्माणको खाँचो रहेको र त्यसका लागि परिवर्तनको प्रारम्भ आफैबाट गर्नुपर्ने आवश्यकता भएकोले पनि सांसदहरुको महत्वपूण भूमिका हुनु आवश्यक छ ।

लैंगिक हिंसा न्युनीकरण र महिला समानताको लागी व्यवस्था भएका राष्ट्रिय कानुनी प्राबधानहरु नेपालको संविधानका महत्वपूर्ण दस्तावेजको रुपमा लिन सकिन्छ। नेपालको संविधानमा देशमा विद्यमान वर्गीय, जातिय, क्षेत्रिय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको पुनरसंरचना गर्ने संकल्प गरेको छ । संविधानले नै लैंङ्गिक समानताको व्यवस्था गरेको छ र विभेदकारी कानुनहरुको खारेजी तथा संसोधन गर्न व्यवस्था गरिएको छ । संविधानको भाग ३ को मौलिक हक र कर्तव्यमा नै समानताको हक,रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धि हक, सम्पतिको हक, शिक्षा सम्बन्धि हक, महिलाको हक, शोषण विरुद्धको हक, स्वारस्थ्य, श्रम, रोजगारी सामाजिक न्यायको हक सम्बन्धि व्यवस्था गरिएको छ ।

लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०६३ ले महिला विरुद्धका भेदभावपूर्ण कानुनको खारेजी र लैंगिक समानताको लागी कानुन संशोधन गरि २०६३ मा पारित भई लागु भएको छ। यसमा संसोधन गरिएका मुख्य ऐनहरुमा मुलुकी ऐन २०२०का विभिन्न भाग र नम्बरहरुमा व्यवस्था भएका महलहरु, मानव बेचविखन तथा ओसार पसार (नियन्त्रण) कानुन २०६६मा महिला समानताका प्राब्धानहरुको व्यवस्था गरिएको छ ।

लैङ्गिक समानता र महिला विरुद्ध हुने घर भित्रको सवै प्रकारको हिंसा नियन्त्रण गर्नको लागी छुटै ऐनको रुपमा घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ तत्कालिन संविधान सभावाट पारित भई २०६६ बैशाख १४ गते देखि लागु गरिएको छ । घरेलु हिंसा (कसुर र सजाय) नियमावली पनि तयार भई कार्यान्वयन अवस्थामा रहेको छ । पछिल्लो समयहरुमा लैङ्गिक हिसा

प्रशिक्ष विषय विज्ञ राजेन्द्र प्याकुरेल रहनु भएको थियो भने कैलारी गाउँपालिकामा अतिथि प्रशिक्षकको रुपमा प्रमुख प्रशासकीय अधिकृत श्री धर्मन्नद भट्ट तथा गौरीगंगा गाउपालिकामा उक्त गाउँपालिकाका मेयर भिम हादुर देउवाले सहजिकरण गर्नु भएको थियो ।

कार्यक्रममा गाँउपालिकाका अध्यक्ष, उपाध्यक्ष सहित ९ वटै वडाका वडा अध्यक्ष तथा सदस्यहरु सहितका जनप्रतिनिधिहरु तथा गाँउपालिकाको शाखागत कर्मचारीहरु र साझेदार स्थानीय संस्थाको प्रतिनिधिहरु समेतको सहभागिता रहेको थियो। सो अवसरमा राज्यको नयाँ संरचनामा स्थानीय सरकारले गत आर्थिक वर्षको बजेट निर्माण तथा योजना तर्जुमाको सवालमा समीक्षा गर्दै यस आर्थिक वर्षको लागि गत वर्षको तथ्याङ्कको आधारमा आन्तरिक श्रोतको विश्लेषण सहित योजना तर्जुमा विधिलाई समुहकार्य, प्रस्तुतिकरण, अन्तरक्रिया तथा समीक्षा सहित सहजिकरण गरिएको थियो ।



*स्थानीय तहको योजना तर्जुमा सम्वन्धि तालिममा सहभागी स्थानीय जनप्रतिनिधिहरुः गौरीगंगा गाउपालिकाः कैलाली*

तालिमका सहभागीहरुले सहजिकरणका क्रममा व्यवहारीक ज्ञान तथा विधि प्रयोग गरिएको र योजना तर्जुमा सम्वन्धी विषय समय सान्दर्भिक रहेको स्थानीय सरकारका प्रमुख तथा उप प्रमुखहरुले बताउनु भएको थियो । निकट भविष्यमा गरिने योजना तर्जुमा तथा बजेटनिर्माणको प्रक्रियामा यस तालिममा पाएका ज्ञान तथा सीपको प्रयोग गरी सामुहिक योजना तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दै तालिमले महत्वपूर्ण विषयलाई समेटेकोमा खुशी समेत व्यक्तगर्नुभएको भयो । उक्त तालिम कार्यक्रममा कैलारी गाउँपालिकाका ५५ जना र गौरीगंगा गाउँपालिकामा ६० जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## स्थानीय सुशासनका सवालमा जनप्रतिनिधि तथा सामाजिक अगुवा र सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

जागरण नेपालले २०७२ साल बैशाखमा गएको विनासकारी भूकम्पबाट प्रभावित महिला र समुदायका

न्यूनिकरणको लागि थुप्रै राष्ट्रिय अन्तराष्ट्रिय पहलकदमीहरु सक्रिय रुपमा अगाडि बढेको छ ।

विगत केहीवर्ष यता सरकारी स्तरबाट लैङ्गिक हिंसा न्यूनिकारणका लागि राष्ट्रिय कार्ययोजना तयार गरि राष्ट्रव्यापी रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन् भने विभिन्न सघ सस्थाहरुलेहरुले सचालन गरेका शसक्तिकरणका अभियाहरु मर्फत पनि महिलाहरुलाई आत्मनिर्भर,आर्थिक स्वनिर्भरताको विकास गराउने अभ्यासहरु पनि भईरहेका छन् यसरी नेपालको योजनावद्ध विकासहरुमा लैंगिक हिंसा नियन्त्रण गर्नको लागी अन्तराष्ट्रिय र राष्ट्रिय तहमा विविध कानुनी प्राबधानहरुको व्यवस्था भएका छन् । नितिगत व्यवस्थाहरु भएर पनि यसको कार्यान्वयनमा देखिएको कमी कमजोरीका कारण लैगिक हिंसा नियन्त्रण हुनभने सकेको पाइदैन ।

त्यसैले लैंगिक हिंसा न्युनीकरणको लागी महिला सशक्तिकरणको आवश्यक्ता छ । महिला सशक्तिकरणको लागी लैंगिक सचेतना विस्तार तथा मानव अधिकार बारे जानकारी, नितीनिर्माण तहमा महिलाको सहभागिताको अभिवृद्धि, ३३ प्रतिशत कानुनी व्यवस्थाको सही कार्यान्वयन, आर्थिक श्रोत र साधनमा महिलाको पहुँच तथा नियन्त्रण अभिवृद्धी गरिने किसिमका कानुनहरुको निर्माण तथा परिमार्जनमा पनि सांसदहरुको भूमिका महत्वपूर्ण हुनुपर्दछ । त्यसैगरी महिला सशक्तिकरणको लागी व्यक्तिगत क्षमता विकास,आयमुलक तालिम, जिवन उपयोगी सीप सम्बन्धि तालिम र रोजगारको व्यवस्थाका सवालमा पनि भूमिका खेल्न जरुरी छ । महिलाहरुलाई राज्यका सवै निकायहरुमा जनसंख्याको आधारमा सहभागीता गराइने किसिमका कानुन निर्माणमा जोड दिनु पर्दछ भने पुरुषवादि सोच, चिन्तनबाट प्रभावितहरुको लागि लोकतान्त्रिक मान्यताका आधारमा हुने समावेशिकरण र लोकतन्त्रको मान्यताको उचित सम्मान गर्न ध्यानाकर्षण गराउदै दण्डहिनताको अन्त्य गर्न व्यवहारिक रुपमै कानुनी राज्यको प्रत्याभुती दिलाउने किसिमका भूमिकामा पनि त्यतिकै महत्वपूर्ण आवश्यकता देखिएको छ ।

प्रक्रियागत रुपमै महिला सांसदहरुले आफ्नो भूमिका निर्वाहका लागि हरेक पक्षबाट तयार रहेको खण्डमा मात्र लैङ्गिक मैत्री कानुन निर्माण हुने हुनाले विधेयक निर्माण तथा सदनमा प्रस्तुती, छलफल, सुझाव पेश, फरकमत पेश र आफुलाई लागेका महत्वपूर्ण विषयमा सामुहिक तथा व्यक्तिगत रुपमा समेत सुझाव दिनसक्ने प्रावधान भएका कारण निर्वाचित सांसदहरुको सरकारात्मक र सक्रिय भूमिका भएको खण्डमा मात्र लैङ्गिक मैत्री कानुन निर्माण हुने प्राय पक्का छ । कानुन निर्माणको प्रक्रियालाई भने यसरी प्रस्तुत गर्न सकिन्छ ।

## संसदमा छलफल तथा पारित गर्नका लागि विधेयक प्रस्तुत गर्ने विधि

- विधेयक संघीय संसदको कुनै पनि सदनमा प्रस्तुत गर्न सकिनेछ ।
- अर्थ विधेयक प्रतिनिधि सभामा मात्र प्रस्तुत गरिनेछ ।
- अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत गरिनेछ ।
- कुनै सांसदले आफूलाई आवश्यक लागेको अन्य कुनै पनि विषयमा गैर सरकारी विधेयक प्रस्तुत गर्न सकिनेछ ।

अन्य सदस्यहरुको लागि सहयोग गरि पुननिर्माणमा सहजिकरण गर्ने र विपतबाट जोगिने उपाय लगायतका विषयमा सचेत गराउने उद्देश्यले CUF/A&D संगको साझेदारीमा रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्लामा एकिकृत पुनःनिर्माणका लागि सहयोग कार्यक्रम सञ्चालन गरिरहेको छ । सो कार्यक्रम अन्तर्गत रामेछाप र सिन्धुपाल्चोकमा १/१ वटा भूकम्प प्रतिरोधि नमुना सामुदायीक भवन तथा दोलखा जिल्लामा २ वटा सामुदायीक भवन निर्माण भई यसको उपयोगको लागि समुदायलाई हस्तान्तरण गरिसकेको छ ।



*बैतेश्वर गाउपालिकाका जनप्रतिनिधिहरु संग क्षमता अभिवृद्धिका लागि छलफल कार्यक्रमका सहभागीहरुः मैनापोखरी, दोलखा*

उक्त कार्यक्रमका माध्यमबाट भुकम्प प्रतिरोधि भवन निर्माण तथा विपद् व्यवस्थापनको विषयमा समुदायका सरोकारवाल संग विभिन्न सचेतना कार्यक्रम सञ्चालन भइरहेका छन् । यसैक्रममा आगामी दिनमा महिला अधिकार, नेतृत्व विकास, क्षमता अभिवृद्धि, विपद व्यवस्थापन तथा पुर्वाधार विकासको क्षेत्रमा कसरी काम गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्ने उद्देश्यले ११ बैशाख २०७४ का दिन दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं ५ र ६ का निर्वाचित जनप्रतिनिधि, सामाजिक अगुवा र फ्रन्स बाट आएका निर्वाचित जनप्रतिनिधिहरु बीच स्थानीय सुशासनको सवालमा अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

सो अवसरमा CUF फ्रान्स र आर्किटेक्चर एण्ड डिभलपमेन्टका जननिर्वाचित प्रतिनिधिहरुले आफ्नो मुलकमा भएको स्थानीय तहको अभ्यासको बारेमा जानकारी गराउनु भयो । उहाँहरुले फ्रान्समा पनि स्थानीय तहको सुरुको अभ्यास नेपालको जस्तै भएको, सुरुमा दिनमा केही अप्ठेरो जस्तो लागे पनि पछि विस्तारै सहजता आएको र संघियताले त्यहाँका नागरिकहरुलाई मुलप्रवाहीकरणमा ल्याएको बताउदै महिला तथा पछाडि पारिएका समुदायलाई समेत सहज रुपमा समेट् थालेको जानकारी गराउनु भएको थियो । कार्यक्रममा आर्किटेक्चर एण्ड डिभलपमेन्ट फ्रान्सका निर्देशकले सामुदायीक भवन

- यसरी संसदमा विधेयकहरु प्रस्तुत भइसकेपछि आफुलाई चित्त नबुझेको वा यसो भए हुनेथियो जस्ता सवालहरुलाई समेटी विधेयकमा संशोधनको सूचि पेश गर्न सकिने छ। जहाँ महिलाका सवालहरुलाई समेटी महिला सांसदहरुले पनि संशोधन पेश गर्न सक्नुहुने छ।

## विधेयक पारित गर्ने विधि

- संघीय संसदको एउटा सदनले पारित गरेको विधेयक यथाशीघ्र अर्को सदनमा पठाइनेछ र सो सदनले पारित गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिनेछ।
- प्रतिनिधि सभाले पारित गरेको अर्थ विधेयक राष्ट्रिय सभामा पठाइनेछ। राष्ट्रिय सभाले सो विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिनभित्र कुनै सुझाव भए सुझाव सहित प्रतिनिधि सभामा फिर्ता पठाउनु पर्नेछ।
- सुझाव सहित फिर्ता आएको विधेयकमा प्रतिनिधि सभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्नेछ।
- अर्थ विधेयक प्राप्त गरेको पन्ध्र दिनसम्ममा राष्ट्रिय सभाले सो विधेयक फिर्ता नगरेमा प्रतिनिधि सभाले प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्न सक्नेछ
- प्रतिनिधि सभाले पारित गरी राष्ट्रिय सभामा पठाएको अर्थ विधेयक बाहेक अन्य विधेयक राष्ट्रिय सभाले आफू समक्ष प्राप्त भएको दुई महीनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्नेछ।
- त्यस्तो समयावधिभित्र राष्ट्रिय सभाले सो विधेयक फिर्ता नगरेमा प्रतिनिधि सभाले तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यहरूको निर्णयबाट सो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्न सक्नेछ।
- अर्थ विधेयक बाहेक कुनै सदनले पारित गरेको अन्य विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधन सहित पारित गरेमा सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्नेछ।
- राष्ट्रिय सभाबाट अस्वीकृत भई वा संशोधन सहित प्रतिनिधि सभामा फिर्ता आएको विधेयक उपर विचार गरी प्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यहरूले प्रस्तुत रूपमा वा संशोधन सहित पुनः पारित गरेमा सो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिनेछ।
- प्रतिनिधि सभाबाट संशोधन सहित राष्ट्रिय सभामा फिर्ता आएको विधेयक राष्ट्रिय सभाले पनि तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यले त्यस्तो संशोधन सहित पुनः पारित गरेमा प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिनेछ।
- देहाय बमोजिमको विधेयक दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत गरिनेछ र संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरेमा विधेयक उत्पत्ति भएको सदनले प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्नेछः-
- राष्ट्रिय सभाले पारित गरेको तर प्रतिनिधि सभाले अस्वीकार गरेको, वा
- प्रतिनिधि सभाले संशोधन सहित राष्ट्रिय सभामा फिर्ता पठाएको तर राष्ट्रिय सभा त्यस्तो संशोधनमा सहमत हुन नसकेको।

तथा विपत व्यवस्थान सुचना केन्द्रको बारेमा जानकारी दिँदै अब यसलाई परिचालन कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफल समेत भएको थियो।



*बैतेश्वर गाउपालिकाका जनप्रतिनिधिहरु तथा CUF र जागरण नेपाल परिवारका साथ महिला समूहका प्रतिनिधिहरु*

कार्यक्रममा स्थानीय वडाका वडाअध्यक्षहरुले बनेका भवनको परिचालनको साथै पुर्वाधार र क्षमता विकासका थप काममा सहयोग गर्न आग्रह गर्नु भयो। उहाँहरुले आफूहरु नयाँ अभ्यासमा भएकाले सबैको सहयोगको अपेक्षा समेत राख्नुभएको थियो। कार्यक्रममा निर्वाचित स्थानीय जनप्रनिनिधिहरु सरोकारवाला निकायका प्रमुख एवं प्रनिधि, महिला समुहका सदस्यहरु तथा सामाजिक अगुवाहरुको सहभागिता रहेको थियो भने कार्यक्रमको सहजिकरण कार्यक्रम संयोजक नवराज पथिकले गर्नु भएको थियो।

## वैतेश्वर गाउँपालिका ५ र ६ का जनप्रतिनिधि तथा सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न



*जागरण नेपालद्धारा निर्मित सामुदायीक भवनमा CUF र A&D का प्रतिनिधिहरुलाई स्वागत गर्दै जनप्रतिनिधिहरुः दोलखा*

दोलखा, रामेछाप र सिन्धुपाल्चोकमा संचालन भएको पुनःनिर्माणका लागि एकिकृत सहयोग कार्यक्रम अन्तरगत जागरण नेपालले बैतेश्वर गाउपालिकाका जनप्रतिनिधि तथा सरोकारवाला बीचछलफल सम्पन्न भएको छ। कार्यक्रममा जागरण नेपालका व्यवस्थापक मीना विष्ट,

## कानुन निर्माण गर्दा ध्यान पुऱ्याउनु पर्ने लैङ्गिक समानताका विषयहरु

संविधान देशको मूल कानुन भएकोले संविधानसँग बाझिने गरी बनेको कानुन बाझिएको हदसम्म खारेज हुन्छ । अतः कुनै पनि कानुन संविधानको मर्म र भावना अनुरुप हुनुपर्दछ । यस्तै मौलिक हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्ने भन्ने व्यवस्था गरेको छ ।

- संविधानले मौलिक हक अन्तर्गत सबै नागरिक कानुनको दृष्टिमा समान हुने व्यवस्था गरेको छ। त्यसैले संसदले बनाउने कानुन पनि सबैको हकमा समान हुने व्यवस्था गर्नुपर्दछ ।
- संविधानको मौलिक हक अन्तर्गत कसैलाई पनि कानुनको समान संरक्षणबाट वन्चित गरिने छैन भन्ने व्यवस्था गरे अनुरुप सबैलाई समान रुपमा संरक्षण प्रदान गरेको हुनुपर्दछ ।
- संविधानले सामान्य कानुनको प्रयोगमा लिङ्ग, वैवाहिक स्थिति, गर्भावस्था लगायत अन्य कुनै आधारमा भेदभाव नगरिने व्यवस्था गरे र सोही आधारमा कानुनले व्यक्तिको वैवाहिक स्थिति जस्तै अविवाहित, विवाहित, सम्बन्ध विच्छेदी वा एकल भन्ने आधारमा अधिकारको सिर्जना हुने वा उपभोग गर्ने सम्बन्धमा फरक व्यवस्था गर्न हुँदैन ।
- यस्तै महिलालाई गर्भावस्थाको आधारमा कुनै अधिकारबाट वन्चित वा प्रतिबन्ध गर्ने कानुन बनाउनु हुँदैन ।
- संविधानले सामीजक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला लगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरेको छ । त्यसैले उक्त व्यवस्था अनुसार महिलाको संरक्षण, सशक्तिकरण वा विकासको लागि विशेष कानुनहरु बनाउन सकिन्छ ।
- संविधानले समान कामको लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको सन्दर्भमा लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा विभेद गर्ने कानुन बनाउन अमान्य भने हुने छ ।
- संविधानले पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ। यस व्यवस्था विपरित कानुन बनाउन सक्दैन ।
- संविधानले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक प्रदान गरेको छ । कानुनमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा महिलाको सहभागिता सुनिश्चित हुने गरी निर्माण गर्नुपर्दछ ।
- संविधानले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको आधकारमा विशेष अवसर प्राप्त गर्ने हक हुने व्यवस्था गरे अनुरुप नै महिलाहरुलाई सकारात्मक विभेदको आधारमा विशेष अवसर प्राप्त गर्ने हक सुनिश्चित गरी कानुन निर्माण गर्नुपर्दछ ।
- संबिधानले सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ। कानूनी कार्यविधीमा यसको सुनिश्चतता गर्नुपर्दछ ।
- संविधानले प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने व्यवस्था गरेको छ। यसको कार्यन्वयनको प्रजनन् स्वास्थ्य सम्बन्धी छुट्टै कानून निर्माण गर्नुपर्दछ ।
- संविधानले महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा

अध्यक्ष सम्झना पोखरेल, परियोजना संयोजक नवराजन पथिक लगाएत स्थानीय तहका जनप्रतिनिधि तथा अन्य भूकम्प प्रभावित महिलाहरु सहित फान्सबाट अनुगमन तथा छलफलमा आएका समुहको समेत सहभागिता रहेको थियो ।

उक्त गाउँपालिकामा निर्माण भएको नमुना सामुदायिक भवन भएपछि समुदायलाई सो भवनसँग जोडेर विपत व्यवस्थापन, आर्थिक, सामाजिक सशक्तिकरण, जनप्रतिनिधिहरुको क्षमता विकास तथा महिला हिंसा न्युनिकरण र सामाजिक समावेशिकरणका विषयमा कसरी अगाडी बढाउन सकिन्छ भन्ने सवालमा जानकारी लिने उद्देश्यले कार्यक्रम संचालन भएको हो । बैशाख ११ र १२ का दिन सम्पन्न कार्यक्रममा सम्बन्धित वडाका वडाअध्यक्ष तथा सरोकारवालाहरुसँग छलफल भएको थियो ।



*बैतेश्वर गाउपालिका ५, मैनापोखरीका वडा सदस्यहरुसंग छलफल गर्दै जागरण नेपालका व्यवस्थापक मीना विष्ट, दोलखा*

सो अवसरमा जागरण नेपालका व्यवस्थापक मिना विष्टले दोलखामा आफ्नो संस्थाले द्वन्द्वको बेलादेखि काम गरेको र आगामी दिनमा पनि महिलाहरुको क्षमता विकास र सामाजिक समावेसीकरणलाई जोडेर महिला अधिकार, र जनप्रतिनिधिको क्षमता विकास लगायतका कार्यक्रमलाई कसरी अघि बढाउन सकिन्छ भन्ने विषयमा सुझाव लिनको लागि भेटघाट गरेको बताउनु भयो । भने संयोजक नवराज पथिकले सामुदायीक भवनलाई विपत व्यवस्थापन सुचना तथा स्रोत केन्द्रका रुपमा अगाडी बढाउन सके राम्रो हने विचार राख्नु भएको थियो ।

उक्त वडाका वडाध्यक्षले भवन निर्माण अत्यन्तै राम्रो भएको त्यसलाई दुई तले बनाउन सके उपयोगमा आउने सुझाव दिदै श्रोतकेन्द्रमा अत्यावश्क सामाग्रीहरुको व्यवस्था गर्नुपर्ने, समुदायीक भवनमा विपद व्यवस्थापनको सूचना तथा आधारभूत सामाग्रीहरुको व्यवस्था गर्नुपर्ने, एकथान कम्प्युटर र इन्टरनेट सहितका सामाग्रीहरुको व्यवस्था गर्न माग गर्नुभएको थियो ।

अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भन्ने व्यवस्था गरेको छ। त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ।

- संविधानले कुनै पनि बालबालिकालाई बाल विवाह गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ। बाल विवाहलाई अपराध र गैरकानूनी हुने कानुन निर्माण गर्नुपर्दछ।
- यस्तै संविधानले व्यवस्था गरेअनुसार अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक र अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुर्नस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक सुनिश्चित गरी कानुन निर्माण गर्नुपर्दछ।
- संविधानले महिलाको हक सम्बन्धी मौलिक हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने व्यवस्था गरेको छ । यो व्यवस्था अनुरुप पहिचानमा आमा वा महिलातर्फको वंश पनि बाबु वा पुरुष तर्फको वंश सरह समान रुपमा हुने गरी बनाउनु पर्दछ।
- संविधानले धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन भन्ने व्यवस्था गरेको छ। यस्तै कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भन्ने व्यवस्था गरेको छ। कानूनमा यसको सुनिश्चतता हुनुपर्दछ।
- उल्लेखित कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्थासमेत गरेको छ यस्ता पिडकलाई हदै सम्मको कानुनी कारबाहीको लागि योग्य कानुनको निर्माण गर्नुपर्दछ।
- सबिधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था गरेको छ। यो हकको सुनिश्चतताको लागि आवश्यक कानून निर्माण वा संसोधन गर्नुपर्दछ।

## निष्कर्ष

संविधान देशको मूल कानुन हो। संविधानको आधारमा देशमा अन्य सम्पूर्ण नीति नियम र कानुनहरु बन्दछन्। तसर्थ संविधानलाई व्यवहारमा लागु गर्दै त्यसको कार्यान्वयन अति आवश्यक छ।

महिलाको आर्थिक, सामाजिक विकास र सशक्तिकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ। लैङ्गिक मुल प्रवाहिकरणका लागि विभिन्न ऐन, नियम रणनीति र कार्ययोजना कार्यान्वयनमा आउने गर्दछन्। नेपालमा परम्परादेखि नै पुरुष प्रधान समाज रहेका कारण महिलाहरुको उपस्थिती र सहभागितालाई कानूनी रुपमा मान्यता प्रदान गरिएताप पनि समाजमा महिलाको भूमिका, कार्यव्यवहार, अधिकार आदि परम्परादेखि नै सिमांकित गरिएका छन्। वर्षौ देखि महिलालाई गर्दै आएको भेदभाव र महिला माथि हेर्ने दृष्टिकोणका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्जजनिक ओहदाहरुमा महिलाको समान रुपमा सहभागिता र पहुँच पुग्न सकेको छैन।

सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनीय योगदानकर्ताको रुपमा रहेका महिलाहरुले राजनीतिक क्षेत्रमा असमानता तथा भेदभावको शिकार बन्नुपरेको कुरा नेपाली समाजको तीतो यथार्थ हो। महिला विरुद्धको भेदभाव सामाजिक तथा सांस्कृतिक वातावरणमा भइरहनु एउटा दुर्वल पक्ष हो तर राज्य नियन्त्रित निकाय वा संरचनामा भेदभाव कायम रहनु दुर्भाग्यपूर्ण पक्ष हो। नेपालको संविधान २०७२ ले महिला अधिकारका विषयलाई मौलिक हकको रुपमा

## महिला/मानव अधिकार धारणागत स्प्रष्टता सम्वन्धि तालिम सम्पन्न

जागरण नेपालको आयोजनामा युवा महिलाहरुका लागि दुई दिने महिला/मानव अधिकार धारणागत स्प्रष्टता सम्वन्धि तालिम मध्यपुर ठिमी भक्तपुरमा सम्पन्न गरेको छ। वैशाख २२ र २३ गते सम्पन्न उक्त कार्यक्रममा दक्षिण एसियाका युवा महिलाहरुको नेतृत्व विकास कार्यक्रम अन्तरगत छनौट भएका १५ जना युवा महिलाहरुको उक्त तालिममा सहभागिता रहेको थियो।

उक्त तालिममा विषय विज्ञ रमेशकुमार पौडेलबाट मानवअधिकारका विषयमा प्रशिक्षण दिनुभएको थियो भने जागरण नेपालका संस्थापक अध्यक्ष शर्मिला कार्की तथा संस्थाका व्यवस्थापक मिना विष्टले महिलाअधिकारका विषयमा यसको उत्पत्ति, विकास र अहिले सम्मको अवस्थाका बारेमा विस्तृत जानकारी गराउनु भएको थियो।



*मानवअधिकार/महिला अधिकाका विषयमा युवा महिला नेताहरुका लागि संचालित तालिम कार्यक्रमका सहभागीहरुः ठिमी भक्तपुर*

युवा महिला नेताहरुलाई महिला/मानव अधिकार र यसको विकासक्रम, अवस्था र विश्वमा महिला मानवअधिकरको स्थितिबारे जानकारी गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो। युवा महिला नेतृत्व तयार पार्नको निम्ति आगामी दिनमा महिलाको नेतृत्व विकास ज्यादै महत्वपूर्ण र आवश्यक भएको हुनाले समेत उक्त तालिम संचालन गरिएको हो। तालिमको पहिलो दिन मानव अधिकार विषयमा प्रशिक्षक श्री रमेश कुमार पौडेलले प्रशिक्षण दिनुभएको थियो। जसमा मानव अधिकारको धारणा, मानव अधिकारको पाँच वटा समूह, यसका ऐतिहासिक विकासक्रम, विश्वव्यापी घोषणापत्र र नौ वटा ठूला महासन्धि बारे जानकारी गराउनु भएको थियो।

कार्यक्रमको दोस्रो दिन महिलाहरुका हक, अधिकार र सुरक्षाका बारेमा धेरै महत्वपूर्ण छलफल भएको थियो। सो अवसरमा जागरण नेपालका संस्थापक अध्यक्ष शर्मिला

मान्यता दिए तापनि ती व्यवस्थाहरुको उचित कार्यान्वयनको अभावमा महिला र पुरुष बीच समानताको व्यवस्था कायम हुन नसकी समस्या यथावतै रहेको पाइन्छ ।

यसले के देखाउछ भने जबसम्म समाजमा महिलालाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउँदैनन, कानुनी रुपमा नै महिलाको समान सहभागिता, लैगिङ्ग हिंसा अन्त्य लगाएतका सवालमा लिखित व्यवस्था र त्यसको सही कार्यान्वयन नभए सम्म लैगिङ्ग हिंसा अन्त्यको कुनै संकेत देखिदैन । यसको लागि लैङ्गिक मैत्री कानुन निर्माण गर्नु आवश्यक देखिन्छ । संविधानले ३३ वटा मौलिक हक नेपाली नागरिकका लागि प्रत्याभूत गरेको छ तर त्यसको अनुभूति नेपाली महिलाहरुले पाएका छैनन् । त्यसको लागि अव बन्ने र संशोधन गर्नुपर्ने कानुनहरु मौलिक हकका रुपमा रहेका अधिकारको प्रत्याभूति दिलाउने किसिमको हुन आवश्यक छ । यसको लागि संविधानमा व्यवस्था भए बमोजिमका कानुनहरु निर्माण गर्दै लागु गर्नेहो भने पनि लैङ्गिक हिंसा अन्त्य हुन सहयोग पुग्ने छ । यसकालागि सम्पूर्ण नीति निर्माताहरुले नीति बनाउदाका बखत लैङ्गिक संवेदनशिल भई यसमा सकारात्मक र प्रभावकारी भूमिकाको निर्वाह गरेमा असंभव भने पक्का छैन

कार्की कानुनमा महिला र पुरुष बराबर भनेता पनि हाम्रो धार्मिक, सामाजिक, सांस्कृतिले अहिले पनि महिलालाई घरकै काममा मात्रै सिमित राखेको र अझै पनि महिलालाई वंश विस्तारको माध्यमको रुपमा लिएको भन्दै महिला हिंसा, महिला भेदभावको अन्त्य गर्नका लागि स्थानिय तह देखि राज्य स्तर र गैर सरकारी संघ संस्थाहरु पनि लाग्नु परेको बताउनु भयो। त्यसैगरी मीना विष्टले पनि अवधारणागत स्प्रष्टता र महिला अधिकरको विकासक्रम र वर्तमान अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो ।

जागरण नेपालका संस्थापक अध्यक्ष शर्मीला कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा स्थानीय समाजसेवी तथा महिला अधिकारका क्षेत्रमा कार्यरत उत्तरा नेपालले कार्यक्रम अत्यन्त फलदायी रहेको विचार राख्दै सबै सहभागितालाई धन्यवाद दिदै दुई दिने तालिम समापन गर्नु भएको थियो ।

## थप जानकारीका लागि

*www.jagarannepal.org*
मा अवलोकन गरी सल्लाह सुझावका लागि
*info@jagarannepal.org*
मा सम्पर्क गर्नुहोल

## सम्पादक मण्डल

सल्लाहकार : शर्मिला कार्की

संयोजकन : मिना विष्ट

संपादन : दिपक बस्याल

लेखन : अहिल्या अधिकारी

डिजाइन : द क्रिएसन


# जागरण नेपाल

सिद्धार्थ मार्ग, अनामनग

फोन : ०१-४२१९४३९, फ्याक्स : ०१-४२४७२९७, पो.व.नं. : १९४८७

ईमेल : info@jagarannepal.org, वेवसाइट : www.jagarannepal.org